# निर्वाचन आयोग, नेपालद्वारा उप-निर्वाचन, २०७६ को तयारी र आचार संहिता सम्बन्धी सरकार र राजनीतिक दलका प्रतिनिधिहरूसंग छलफल

प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहमा रिक्त भएका विभिन्न ५२ पदहरूमा २०७६ मंसिर १४ गते हुने उप-निर्वाचनको सिलसिलामा निर्वाचन आयोगले गरिरहेको तयारी बारे जानकारी गराउने र आयोगले जारी गरेको निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार र प्रमुख राजनीतिक दलहरूको प्रतिबद्धता प्राप्त गर्ने उद्देश्यले आयोगले २०७६ कार्तिक १४ गते आयोजना गरेको छलफल कार्यक्रम सम्पन्न भएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेपाल सरकारका तर्फबाट उप-प्रधानमन्त्री ईश्वर पोखरेल र परराष्ट्र मन्त्री प्रदिप ज्ञवाली, सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) का अध्यक्ष पुष्पकमल दाहाल, महासचिव विष्णु पौडेल तथा खिमलाल देवकोटा, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका केन्द्रीय सदस्य एनपी साउद, समाजवादी पार्टीका डा. शिवजी यादव, राष्ट्रिय जनता पार्टीका सुरेन्द्र झा, साझा पार्टीका मानवी पौडेल, रा.प्र.पा. का सुशील श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका हिमलाल पुरी, नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल, नेपाल कम्युनिष्ट पार्टी (माले) का चन्द्र प्रकाश मैनाली, राष्ट्रिय जनमुक्ति पार्टीका के. पी. पालुङ्ग, नेपाली जनता दलका रघु परियार तथा हरिचरण शाह, संघीय लोकतान्त्रीक राष्ट्रिय मञ्चका बिष्णु कुमार लिम्बुको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा प्रमुख निर्वाचन आयुक्तले उप-निर्वाचन २०७६ को तयारी सम्बन्धमा विभिन्न तहमा रिक्त पद सम्बन्धी विस्तृत विवरण दिनु भई निर्वाचनको मिति घोषणा भएको दिनमा १८ वर्ष उमेर पुगेका र मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिले मतदान गर्न पाउने व्यवस्था गरिएको, नयाँ थपिएका मतदाताहरूलाई मतदाता परिचय पत्र वितरणका लागि सम्बन्धित निकायमा पठाइ सकिएको, राजनीतिक दल दर्ता सम्पन्न भएको, उप-निर्वाचन प्रयोजनका लागि निर्देशिका र कार्यविधि तयार भइसकेको, मतदान केन्द्रहरू तोकिएको, उप-निर्वाचनको विस्तृत कार्यक्रम सार्वजनिक गरिएको, मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको नियुक्ति भई तालिम भइरहेको, मतपत्रको मापदण्ड र डिजाइन स्वीकृत गरिएको जानकारी गराउनु भयो । आयोगले निर्वाचन सम्बन्धी कानूनलाई स्पष्ट गरी सबै राजनीतिक दलहरूलाई आयोगले दललाई प्रदान गरेको निर्वाचन चिन्हबाटै स्थानीय तहको निर्वाचनमा भागलिन दिने व्यवस्था गरेको जानकारी गराउनु भयो । निर्वाचन विवाद निरूपण तथा मतगणना सम्बन्धी बिषयमा एकरूपता हुने गरी कार्यविधि र निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको बताउनु भयो । साथै २०७४ सालको निर्वाचनमा प्रयोग भई मौज्दातमा रहेका सामग्रीहरू नै यस उप-निर्वाचनमा प्रयोग गरिने, मतदाता शिक्षाका लागि स्थानीय तहबाटै सामाजिक परिचालकहरू परिचालन गरिने, निर्वाचन खर्चको सीमा २०७४ सालकै कायम रहने, प्रचार प्रसारको अवधि घटाइएको, पर्यवेक्षण अनुमतिका लागि सूचना प्रकाशित गरी सकिएको व्यहोरा प्रस्तुत गर्नु भयो । विगतको आम निर्वाचनमा स्वीकृत गरी लागु गरिएको आचार

संहितालाई नै यस उप-निर्वाचनमा पनि कार्यान्वयनमा ल्याईएको तर यस उप-निर्वाचनमा निर्वाचन हुने जिल्ला र स्थानीय तहमा मात्र आचार संहिताका मुलभुत बुँदाहरू लागु हुने र आचार संहिताको अनुगमनका लागि केन्द्रबाट मात्र नभई जिल्ला स्तरमा राजनीतिक दलहरू सहितको अनुगमन समितिले नैं स्वःअनुगमन गर्ने गरी व्यवस्था मिलाउने जानकारी गराउनु भयो । आचार संहिता कानूनी तथा नैतिक रूपमा वाध्यकारी भएकोले यसको पूर्ण पालनाका लागि सचेत गराउदै पूर्ण पालना हुनेमा विश्वास व्यक्त गर्नुभयो । सोहि अवसरमा निर्वाचन आयुक्त ईश्वरी प्रसाद पौड्यालले २०७४ सालको निर्वाचनका अनुभवहरू प्रस्तुत गर्दै आचार संहितालाई नैतिकतामा जोडेर हेर्नुपर्ने तथा आचार संहिता कार्यान्वयन सम्बन्धमा निर्वाचनका सरोकारवालाहरूको बुझाईमा एकरूपता र प्रभावकारी समन्वय हुनु पर्ने प्रष्ट्याउनु भयो । विगतको निर्वाचनमा सरकार र प्रमुख राजनीतिक दलबाट भएको आचार संहिताको उल्लंघनमा आयोगले प्रभावकारी कारवाही गर्न नसकेको निर्वाचन समीक्षाबाट सुझाव प्राप्त भएकोले आगामी उप-निर्वाचनमा आचार संहिता उल्लंघन गरे गराएमा आयोगले कारवाही गर्ने र यस विषयलाई अन्यथा नलिन सरकार तथा राजनीतिक दलहरूलाई आग्रह गर्नुभयो ।

छलफलको क्रममा उपस्थित राजनीतिक दलका प्रतिनिधिहरूले निर्वाचन धेरै नैं खर्चिलो भएको भन्दै यसको प्रभावकारी अनुगमन हुनु पर्नेमा जोड दिएका थिए । राजनीतिक दल तथा सरकारका प्रतिनिधिहरूले निर्वाचन आचार संहिता पालनामा समर्थन जनाएका छन् भने छलफलमा सहभागी उपप्रधानमन्त्री ईश्वर पोखरेलले सरकारका तर्फबाट निर्वाचन आचार संहिता पालना गर्दै सरोकारवालाबाट पनि त्यसको उल्लंघन हुन नदिने दृढता व्यक्त गर्नु भयो । उक्त कार्यक्रममा उपस्थित सबै राजनीतिक दलका प्रतिनिधिहरूले आआफ्ना बिचार र प्रतिबद्धता व्यक्त गर्दै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय बनाउन आयोगले जारी गरेको निर्वाचन आचार संहिता कार्यान्वयनमा दृढता जनाउनु भयो ।



"स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचनले मात्र लोकतन्त्रको सुदृढीकरण तथा शासनको सवलीकरण मार्फत सुशासनमा टेवा पुर्‍याउँछ भन्ने तथ्यलाई हृदयङ्गम गर्दै मुलकमा संवत २०७६ साल मंसिर १४ गते सम्पन्न गरिने प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्यको उप-निर्वाचनको सुव्यवस्थापनमा हाम्रो अग्रणी भूमिका रहेको तथ्यलाई आत्मसात् गरी निर्वाचन आयोगले जारी गरी कार्यान्वयनमा ल्याएको निर्वाचन आचार संहिता, २०७२ तथा स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ मा उल्लेख भएका आचार संहिताका बुँदाहरूको अक्षरशः पालना गर्न तथा निर्वाचनको सरोकारवालाहरूबाट समेत पालना गर्न गराउन हामी सदैव मन वचन र कर्मले प्रयत्नशील रहीरहने प्रतिबद्धता व्यक्त गर्दछौ।" भन्ने व्यहोरा सहितको पत्रमा नेपाल सरकार र उपस्थित सबै राजनीतिक दलबाट हस्ताक्षर सम्पन्न भएको छ । निर्वाचन आयोगले यस छलफल कार्यक्रम सम्बन्धी प्रेश विज्ञप्ति पनि जारी गरेको छ ।

**२०७६ मंसिर १४ मा हुने उप-निर्वाचनमा**

**३७** जिल्ला

**४५४,११४** मतदाता

**५२** रिक्त पद

## भिडीयो हेर्नुहोस्

